निस्दी गाउँपालिका

स्थानीय राजपत्र

खण्ड : ९ संख्या-८ मिति : २०८२/१२/२०

भाग-२

निस्दी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मित्याल, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

उर्जा विकास उप-समिति गठन तथा सञ्चालन कार्यविधि, २०८२

प्रस्तावनाः

निस्दी गाउँपालिकाले आफ्नो ऊर्जा नीतिमा नवीकरणीयत ऊर्जाको प्रवर्धन र विकास गर्न ऊर्जा विकास उप-समितिको गठन र कार्य जिम्मेवारीको व्यवस्था गरेको छ। गाउँपालिका भित्र नविकरणीय ऊर्जा सम्बन्धी सम्पूर्ण कार्यलाई व्यवस्थित गर्न ऊर्जा विकास उप-समिति गठन गरी आफ्नो दैनिक कार्य सञ्चालन गर्न र पालिका क्षेत्रका सेवाग्राहीहरुलाई ऊर्जा सम्बन्धी सम्पूर्ण सेवाहरु चुस्त बनाउने कार्यलाई व्यवस्थित गर्न यस कार्यविधिलाई कार्यपालिकाको मिति २०८२/१२/२० बैठकबाट स्वीकृत गरि लागु गरिएको छ।

परिच्छेद-१

नाम तथा प्रारम्भ

१.संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम "ऊर्जा विकास उप-सिमिति गठन तथा सञ्चालन कार्यविधि २०८२" रहने छ। यो कार्यविधि गाउँपालिकाको कार्यपालिकाको बैठकबाट स्वीकृत भए पछि भएको मानीने छ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) उप-समिति भन्नाले पूर्वाधार विकास समिति अन्तर्गत गठित ऊर्जा विकास उप-समितिलाई सम्झनु पर्दछ।

ख) निकाय भन्नाले गाउँपालिका र कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

ग) कार्यपालिका भन्नाले गाउँ कार्यपालिकालाई बुझाउने छ।

परिच्छेद-२

उप-समितिको गठन तथा पदावधि

३. गाउँ कार्यपालिका द्वारा पूर्वाधार विकास समिति अन्तर्गत रहने गरि एक ऊर्जा विकास उप-समितिको गठन गरिनेछ। उप-समितिमा आवश्यकता अनुसार पदाधिकारी संख्या थपघट गर्न सकिने छ। उप-समितिमा निम्न पदहरु रहने व्यवस्था गरिएको छः

क) संयोजकः १ जना कार्यपालिका सदस्य वा वडा अध्यक्षहरु मध्येबाट नवीकरणीय ऊर्जामा सामान्य जानकारी भएको व्यक्ति रहने प्रावधान गरिएको छ।

ख) सदस्यहरुः ४ देखि ६ जना सम्म (विषयगत विज्ञ, निजी क्षेत्र, महिला, पछाडि पारिएका, दलित तथा विपन्न वर्गको समावेसी समानुपातिक प्रतिनिधित्वको आधारमा) रहने प्रावधान गरिएको छ।

ग) गाउँपालिकाका उपाध्यक्ष/उप-प्रमुख उप-समितिको संरक्षक, पूर्वाधार विकास समितिको संयोजक र प्रमुख प्रशासकीय अधिकृत सल्लाहकारको रुपमा रहने छन्।

घ) ऊर्जा विकास उप-समितिको पदाधिकारीहरुको पदावधि बढिमा ४ वर्षको हुनेछ।

४. पदमुक्त हुने अवस्थाः

क) पदाधिकारीहरुले दिएको राजिनामा स्वीकृत भएमाः ऊर्जा विकास उप-समितिका पदाधिकारीहरुले दिएको राजीनामा पूर्वाधार विकास समितिको सिफारिसमा कार्यपालिकाबाट स्वीकृत हुनेछ।

ख) पदाधिकारीहरुको मृत्यु भएमा ।

ग) पदाधिकारीहरुको समयावधि समाप्त भएमा।

घ) मगज विग्रिएमा।

ङ) कुनै पनि फौजदारी अभियोग प्रमाणित भएमा।

परिच्छेद-३

उप-समितिको काम, कर्तव्य र अधिकार

५. गाउँपालिका, कार्यपालिका र पूर्वाधार विकास समितिको प्रत्यक्ष सुपरिवेक्षणमा रहि ऊर्जा विकास उप-समितिको निम्न अनुसारको काम, कर्तव्य र अधिकार हुनेछः

५.१ गाउँपालिका, कार्यपालिका, पूर्वाधार विकास समिति र गाउँसभा प्रति उत्तरदायी हुने र उल्लेखित कार्यपालिका, समिति तथा सभाबाट प्राप्त ऊर्जा विकास सम्बन्धि नीति, निर्देशन तथा सुझावहरुलाई अवलम्बन गर्ने।

५.२ ऊर्जा विकास उप-समितिको आवश्यकता अनुसार मासिक वा वार्षिक बैठक राख्ने, निर्णयहरु गर्ने र भएका निर्णयहरुलाई कार्यपालिका वा भौतिक पूर्वाधार विकास समितिलाई जानकारी गराई अनुमोदन गराउने।

५.३ नविकरणीय ऊर्जा र अन्य ऊर्जा सम्बन्धि आवश्यक ऐन, कानून, नीति तथा कार्यविधिहरु समावेशी, समानुपातिक प्रतिनिधित्वको आधारमा तयार गरि पूर्वाधार विकास समिति तथा

कार्यपालिका मार्फत सभाबाट स्वीकृत गराई कार्यान्वयन गर्ने तथा समयानुकुल यस्ता नियम तथा कार्यविधिहरु पुनरावलोकन गरि संशोधन गरि पारित गराउने।

५.४ समग् ऊर्जा विकासको लागि एक ऊर्जा ईकाइ स्थापना गरि यसको संस्थागत विकासमा सहयोग गर्ने । ईकाइलाई आवश्यक जनशक्ति तथा भौतिक सामाग्रीहरुको लागि कार्यपालिकासंग पहल गर्ने।

५.५ ऊर्जा सम्बन्धि प्रभावकारी सेवा प्रवाहको लागि नागरिक वडापत्र तयार गर्ने र यसमा उल्लेख भएका सबै गाउँबासीहरुलाई जनचेतना गराउने।

५.६ नविकरणीय ऊर्जाको वार्षिक योजना तर्जुमा कार्यान्वयन र अनुगमनमा महिला, दलित तथा सिमान्तकृत वर्ग तथा समुदायहरुलाई प्राथमिकता दिई सहभागिता गराउने।

५.७ नविकरणीय ऊर्जाका विभिन्न प्रविधिहरुको कार्यान्वयन तथा जडानमा एकल महिला घरधुरी, सिमान्तकृत, विपन्न तथा दलित घरधुरीहरुलाई विशेष अनुदानको व्यवस्थाका लागि पूर्वाधार विकास समिति मार्फत कार्यपालिकालाई उक्त प्रावधानको अनुमोदनको लागि अनुरोध गर्ने।

५.८ गाउँपालिकाको ऊर्जा सम्बन्धि आवधिक, वार्षिक योजना तर्जुमामा नेतृत्वदायी भूमिका निर्वाह गरी गाउँपालिकाको योजना तर्जुमा तयार गरि लागू गर्ने। साथै यस्ता योजनाहरु वास्तविक र जनमुखी बनाउने तथा समयानुकुल परिमार्जन गर्दै जाने । यस्ता ऊर्जा योजनाका तयारीका विभिन्न चरणहरमा गाउँपालिकाको तर्फबाट सक्रिय सहभागिता जनाउने।

५.९ ऊर्जा योजनाको परिकल्पना, लक्ष्य तथा उद्देश्यलाई मध्यनजर राख्दै गाउँपालिकाको वार्षिक ऊर्जा योजनाको तर्जुमा गर्ने। नविकरणीय ऊर्जाको समुदाय स्तर देखि नै क्रियाकलापहरुको सहभागितात्मक पहिचान, माग संकलन,प्राथमिकिरण गरी पूर्वाधार विकास समित मार्फत कार्यपालिका तथा सभाबाट अनुमोदन गराउने।

५.१० गाउँपालिकाको वार्षिक, अर्धवार्षिक वा मासिक समिक्षा गरि आवश्यकता अनुसार प्रभावकारी कार्यन्वयनका लागि पहल गर्ने।आवश्यकता अनुसार समिक्षाको प्रतिवेदन तयार गरी सम्बन्धित निकाय वा सरोकारवालाहरु समक्ष पेश गर्ने।

५.११ समुदाय स्तरबाट गाउँपालिकामा माग भई आएका ऊर्जा सम्बन्धी क्रियाकलापहरुको लागि आवश्यक बजेट विनियोजन गर्न भौतिक पूर्वाधार विकास समिति मार्फत कार्यपालिका संग समन्वय गर्ने ।

५.१२ गाउँपालिकाबाट प्राप्त बजेटको उचित व्यवस्थापन गरि ऊर्जा सम्बन्धी क्रियाकलापहरुको कार्यान्वयन गर्ने, अनुगमन गर्ने तथा प्रभावकारी कार्यान्वयनको लागि उपभोक्ताहरुलाई सुझाव र सल्लाह दिने। आवश्यक परे कार्यान्वयन भएका कार्यहरुको गुणस्तर कायम गर्न विषय विषेशज्ञहरुसंग परामर्श तथा आवश्यक समन्वय गर्ने ।

५.१३ गाउँपालिकामा गठित अनुगमन समिति तथा आवश्यकता अनुसार तेस्रो पक्षबाट समेत अनुगमन गराउने।

५.१४ गाउँपालिकामा गठन भई क्रियाशिल रहेका अन्य समिति वा उप-समितिहरुसँग आपसी सहयोग र समन्वय कायम गर्ने।

५.१५ ऊर्जाका वार्षिक क्रियाकलापहरुको कार्यान्वयनका क्रममा खरिद गरिने बस्तु तथा सेवा लागि कार्यपालिकालाई खरिद सम्बन्धमा आवश्यक पर्ने कागजात, प्राविधिक स्पेशिफिकेशन तयारी तथा सेवा प्रदायक समूहको छनौटका लागि सहयोग गर्ने।

५.१६ ऊर्जा विकास तथा कार्यन्वयनका लागि सम्भाब्य सरोकारवालाहरुको पहिचान गरि समन्वय गर्ते तथा आवश्यकता अनुसार बैठक राखि सुझावहरु लिने तथा दिने।

५.१७ अध्यक्षको सहयोगमा नविकारणीय ऊर्जा विकास तथा प्रवर्द्धनका लागि आन्तरिक तथा बाह्य श्रोतहरुको पहिचान तथा परिचालन गर्ने।

५.१८ ऊर्जा विकासको लागि संघिय, प्रदेश, अन्य स्थानीय तहहरु र बाह्य दाताहरुसँग समन्वय तथा सहकार्य गर्ने।

५.१९ नविकरणीय ऊर्जा सेवा प्रवाहमा अनुदान नीतिलाई अत्यावश्यक क्षेत्र तथा घरपरिवार बाहेक क्रमशः कम गर्दै लैजाने र वित्तिय क्षेत्रको लगानीलाई प्रवर्द्धन गर्ने।

५.२० गाउँपालिकाबाट घर निर्माण नक्सा पास गर्दा भवन निर्माण आचार संहितामा ऊर्जा मैत्री बुदाहरु थप्न लगाई पूर्वाधार विकास समिति मार्फत कार्यपालिकाबाट अनुमोदन गराउने।

५.२१ ऊर्जा विकास योजना तयारी, कार्यान्वयन तथा अनुगमनको क्रममा आईपर्ने आवश्यक निर्णयहरु गर्ने र पूर्वाधार विकास समिति मार्फत कार्यपालिकामा पेश गर्ने।

५.२२ ऊर्जा योजना तर्जुमा तथा यसको कार्यान्वयनबाट संभावित पर्नसक्ने नकारात्मक प्रभावहरुको (वातावरणीयत विपद् जोखिम तथा सामाजिक द्धन्द्ध) समयमा सचेत रहेन र न्युनीकरण तथा व्यवस्थापनका उपायहरुको अवलम्बन गर्ने।

५.२३ ऊर्जाको उत्पादनमुखी प्रयोगमा जोड दिई ऊर्जामा आधारित घरेलु तथा साना उद्योग स्थापनामा सहजीकरण गर्ने। ऊर्जालाई स्थानीय स्तरमा कृषि उत्पादनमा वृद्धि गरि आयातलाई घटाउने, मुल्य श्रृखला बृद्धि गर्ने र रोजगारीको अवसरमा वृद्धिमा जोड दिन पहल गर्ने।

५.२४ नविकरणीय ऊर्जा प्रविधिको जडान पश्चात स्थानीय स्तरमै सेवाको सुनिश्चितताको लागि निजि क्षेत्रहरुलाई जडान पश्चातको सेवा संयन्त्रको विकास तथा कार्यान्वयनमा जोड दिने।

५.२५ ऊर्जा सम्बन्धि विभिन्न प्रविधिहरुको सिप तथा ज्ञानका लागि क्षमता अभिवृद्धि (तालिम, गोष्ठी, सिकाई भ्रमण, अभिमुखिकरण तथा जनचेतना) योजना तयार तथा कार्यान्वयन गर्ते।

५.२६ ऊर्जा विकास सम्बन्धी कार्य गर्न विज्ञ आवश्यक परे पूर्वाधार विकास समिति, प्रमुख प्रशासकीय अधिकृत तथा अध्यक्ष मार्फत सेवा खरिद गर्ने व्यवस्था मिलाउने।

५.२७ आवश्यकता अनुसार विकास साझेदारहरुसँगको साझेदारीमा ऊर्जा प्रवर्द्धनको कार्यक्रमहरुलाई प्राथमिकता दिने।

५.२८ उप-समितिको बैठक तथा अन्य सञ्चालन खर्चका लागि कार्यपालिकासँग समन्वय गर्ने, भएको खर्चलाई अनुमोदन गर्ने र निकासाको लागि प्रमुख प्रशासकीय अधिकृतसँग समन्वय गर्ने।

५.२९ उप-समितिका संयोजकले उप-समितिका सम्पूर्ण पदाधिकारीहरुलाई नेतृत्व गर्ने छन्। भने अन्य सदस्यहरुले संयोजकलाई सहयोग गर्नु सदस्यहरुको जिम्मेवारी रहने छ। ऊर्जा सम्बन्धी सबै कार्यमा सल्लाहकारहरुको सुझाव लिने व्यवस्था गरिएको छ।

६. कार्य विवरणः ऊर्जा विकास उप-समितिको आफ्नो छुट्टै कार्य विवरण हुनेछ र उक्त कार्य विवरण पूर्वाधार विकास समितिको सिफारिसमा सम्बन्धित कार्यपालिकाबाट अनुमोदन गरिनेछ। अनुमोदन कार्य विवरणको मुलमर्मलाई केन्द्र विन्दुमा राखि उप-समितिका पदाधिकारीहरुले

आफ्नो पद अनुसार सम्पादन गर्ने कार्य विवरण तयार गरी संयोजकबाट स्वीकृत गराउनु पर्दछ र स्वीकृत कार्य विवरणका आधारमा तोकिएका कार्य सम्पादन गर्न उप-समितिका प्रत्येक सदस्यहरुको कर्तव्य र जिम्मेवारी हुनेछ। उप-समितिको विस्तृत कार्य विवरण अनुसुची १ मा उल्लेख गरिएको छ।

७. कार्य सम्पादनका आधारहरुः उप-समितिले कार्य सम्पादन गर्दा नेपालको संविधान र अन्य प्रचलित कानूनमा व्यवस्था भएका कुराहरुको अतिरिक्त देहाय बमोजिम गर्नु पर्नेछ।

क) निस्दी गाउँपालिकाको र जनताको बृहतर हित।

ख) समन्वय र सहकार्य र समावेशीकरण ।

ग) कानूनको शासन

घ) पारदर्शिता, जवाफदेहिता तथा इमान्दारिता

ङ) आर्थिक अनुशासन एवं भ्रष्टचारमुक्त चुस्त र जनमुखी कार्य ।

च) निर्णय प्रक्रिया तथा सूचनामा सर्वसाधारणको पहुँच।

छ) जनसहभागिता तथा स्थानीय स्रोतको अधिकतम उपयोग।

८. निश्चित समयवाधि भित्र निर्णय गर्नुपर्नेः यस अन्तरगत उप-समितिको निर्णय गर्न अधिकार प्राप्त अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानून बमोजिम कुनै निश्चित अवधिभित्र निर्णय गर्नुपर्ने भनि तोकिएमा सोही समयवधि भित्र र त्यस्तो व्यवस्था नभएमा निर्णय गर्नुपर्ने विषयको प्रकृति हेरी निर्णय गर्न पाउने अधिकारीले उपयुक्त ठहरायको समयावधि भित्र निर्णय गर्नुपर्नेछ।

९. निर्णय गर्दा पारदर्शिता कायम गर्नुपर्नेः यस नियम वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा पारदर्शि ढंगबाट निर्णय गर्नुपर्नेछ र उक्त निर्णय गर्नुपर्ने विषयमा आफ्ना मातहतका सदस्यहरुको राय तथा परामर्शमा गर्नुपर्नेछ। उप-समितिको बैठकबाट सिफारिस भई कार्यपालिकाबाट अनुमोदन भएका निर्णयहरु सार्वजनिक गर्नुपर्नेछ।

१०. निर्णय गर्दा आधार र कारण खुलाउनु पर्नेः प्रचलित कानून बमोजिम निर्णय गर्दा सम्बन्धित पदाधिकारीले गरेको निर्णय कुनकुन कुरामा आधारित छ र त्यस्तो निर्णय किन गर्नु परेको हो सोको स्पष्ट आधार र कारण खुलाई निर्णय गर्नु पर्नेछ।

११. सार्वजनिक चासोको विषयमा निर्णय गर्ने बारेः समितिले सार्वजनिक चासोको कुने विषय निर्णय गर्नु अघि सरोकारवाला तथा नागरिक समाज संग आवश्यक परामर्श गर्न सक्नेछ र साथै उक्त प्रस्तावित निर्णय गरिएको विषयको सकारात्मक तथा नकारात्मक पक्षहरुको समग्र विश्लेषण गरी त्यस बाट प्राप्त हुन सक्ने सम्भावित प्रभावको मूल्याङ्कन समेत गर्नु पर्नेछ।

१२ आफ्नो जिम्मेवारी पन्छाउन नहुनेः कानुन बमोजिम कार्य सम्पादन गर्नुपर्ने समितिका सदस्यहरुले आफुलाई सुम्पिएको वा कानून बमोजिम आफुले सम्पादन गर्नुपर्ने काम निर्धारित शर्त तथा निर्धारित अवधि भित्र सम्पादन गर्नु पर्नेछ।

परिच्छदः४

आर्थिक कार्यप्रणाली तथा जिम्मेवारी

१३. बजेट तथा कार्यक्रम तर्जुमाः समितिले आगामी आर्थिक वर्षमा गर्नुपर्ने कामकाज तथा कार्यक्रमको निमित्त तोकिए बमोजिम बजेट तयार गर्ने गराउने उत्तरदायित्व संयोजकको हुनेछ र साथै उक्त बजेट तर्जुमा गर्दा विकास साझेदार र अन्तराष्ट्रिय संघ संस्थाबाट अनुदान स्वरुप प्राप्त हुने नगदी वा जिन्सी सहायतालाई बजेटमा समावेश गर्नु गराउनु पर्नेछ। बजेट तर्जुमा गर्दा ऊर्जा विकास उप-समितिको लागि एक आर्थिक वर्षको लागि एकमुष्ठ दैनिक कार्य सञ्चालन, बैठक सञ्चान खर्च र अनुगमन तथा मूल्याङ्कन बजेट तर्जुमा गरि पूर्वाधार विकास समिति मार्फत कार्यपालिकामा स्वीकृतीको लागि पेश गर्नु पर्नेछ।

१४ सेवा सुविधाः यस गाउँपालिकाको कार्यपालिकाबाट अनुमोदन गराएको अवस्थामा ऊर्जा विकास उप-समितिका पदाधिकारीहरुलाई बैठकमा सहभागी हुँदा बैठक भत्ता, आतेजाते यातायात खर्च र बैठक चलेको समयमा स्थानीय स्तरमा पाइने खाजा उपलब्ध गराईनेछ।यदि उप-समितिका सदस्यहरु कार्यक्रमको कार्यान्वयन अवधिमा अनुगमन तथा मूल्याङ्कन गर्न जाँदा उप-

समितिको संयोजकको स्वीकृती लिई र स्वयम् संयोजका जाने अवस्थामा पूर्वाधार विकास समितीको संयोजकको स्वीकृती लिई कार्यान्वयन स्थलमा जान सकिनेछ र उक्त अवधिको दैनिक भ्रमण भत्ता, बास खर्च र यातायात खर्च सम्बन्धित गाउँ कार्यपालिकाको आर्थिक नियमावली अनुसार उपलब्ध गराउनु पर्नेछ।

१५. कारोबारको लेखाः समितिले कारोबारको लेखा प्रणाली नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ र अनुदान तथा अन्य सहायता लगानी, विनियोजन आदी सबै प्रकारका कारोबारको लेखा तयार गरी राखु पर्नेछ।

१६. आर्थिक हिनामिना तथा अनियमितता गर्न नहुनेः समितिका कुनै पनि सदस्यले जानीजानी वा गलत मनसाय राखेर समितिमा कुनैपनि प्रकारको हानी नोक्सानी पुर्याउन वा आर्थिक हिनामिना गर्न वा अनियमितता गर्न गराउन हुदैन त्यस्तो पाईएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

१७. जोखिम व्यवस्थापनः समितिले रकम लगानी तथा त्यसमा रहेको जोखिम समेतलाई विश्लेषण गरी जोखिम व्यवस्थापन कार्ययोजना तयार गर्नेछ।

परिच्छेदः५

विविध

१८. उच्च नैतिकता तथा व्यवसायिकता कायम गर्नुपर्नेः समितिले सदस्यहरुको कामकारवाहीलाई पारदर्शि बनाउन तथा कामकारवाहीमा उच्च व्यवसायिकता कायम राख्नका लागि आचार संहिता बनाई लागु गर्नेछ।

१८.१. आचारसंहिता लागु हुनेः ऊर्जा विकास उप-समितिका पदाधिकारीहरुलाई बैठक हुनु भन्दा कम्तिमा एक हप्ता अगावै जानकारी गराई उपस्थितिको सुनिश्चिता गर्नुपर्नेछ।कुनै पनि पदाधिकारी आफ्नो पदिय दायित्व मर्म अनुरुप प्रत्येक बैठकमा मनासिव कारणसहितको अवस्था बाहेक अनिवार्य सहभागी हुनुपर्नेछ।उप-समितिको कुनै पनि पदाधिकारी विना सूचना लगातार ३ पटकसम्म बैठकमा अनुपस्थिती भएमा स्वतः खारेजीमा परेको मानिनेछ। ऊर्जा विकास उप-समितिको कुनै पनि पदाधिकारीहरुले आचार संहिता पूर्णरुपमा पालना गर्नुपर्नेछ।यदि कुनै कसैले

उल्लघंन गरिएको पाईएमा उप-समितिको संयोजकले तत्काल स्पष्टिकरण सोध्न सक्नेछ। सोधिएको स्पष्टिकरणमा चित्तबुझ्दो जवाफ नआएमा उप-समितिको बैठकबाट निर्णय गरि आवश्यक कारवाही गरिनेछ। त्यस्तो आवश्यक कारवाही अन्तरगत केही समयको लागि निलम्बन वा पद खारेजी सम्मको निर्णय गर्ने सक्नेछ।

१९. **समय पालना र नियमितताः** उप-समितिका सम्पूर्ण सदस्यहरुले निर्धारित समयमा नियमित रुपले कार्यलाई तिव्र रुपमा अगाडी बढाउनुपर्नेछ र उप-समितिको आवश्यकता र संयोजकको निर्देशन अनुसार बैठक बस्नु पर्नेछ र बैठकमा अनुपस्थित तथा जिम्मेवार बाट टाढा हुन खोजेमा आवश्यकता अनुसार कारवाही समेत गर्न सक्नेछ।

२०. **अनुशासन र आज्ञापालनाः** समितिका सबै सदस्यहरुले अनुशासनमा रही आफ्नो काम कर्तव्य इमान्दारिता र तत्परताका साथ पालना गर्नु पर्नेछ।

२१. **सूचना प्रवाहः** समितिले आफ्नो कार्यालय संग सम्बन्धित सबै प्रकारका सूचनाहरु अद्यावधिक गरि राख्नुपर्नेछ र कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनका लागि सूचना वोर्ड व्यवस्थापन गर्नेछ।

२२. **निर्देशिका वा दिग्दर्शन वा कार्यविधि वा स्रोत पुस्तिका बनाउन सक्नेः** समितिले आफ्नो कामकारवाहीला२ प्रक्रियागत ढंगबाट छिटो छरिटो र मितव्यायी रुपमा सञ्चालन गर्न वा कार्यसम्पादन गर्न आवश्यक निर्देशिका वा दिग्दर्शन वा कार्यविधि वा स्रोत पुस्तिका बनाई लागु गर्न सक्नेछ।

२३. **खारेजी वा बचाउँ सम्बन्धिः** नेपाल सरकार, प्रदेश सरकार तथा स्थानिय सरकारको कुनैपनि कानून, नियम तथा नविकरणिय ऊर्जा नीतिसँग कुनैपनि बुँदा बाझिन गएमा बाझिएको हद सम्म स्वतः अमान्य हुनेछ।

अनुसूचीः १

ऊर्जा विकास उप-समितिको कार्य विवरण

- ऊर्जा विकास उप-समिति (Energy Development sub-Committeem: EDSC) पूर्वाधार विकास उप-समिति (Infrastructure Development Committee), कार्यकारीहरु र गाउँपालिकाको सभाको लागि जिम्मेवार हुनेछ र यो ऊर्जा सम्बन्धी निर्देशन र सुझावहरु कार्यान्वयन गर्न प्रतिवद्ध छ।
- उप-समितिले नविकरणीय ऊर्जा (Renewable Energy: RE) को लागि कानून, नियम र मानक सञ्चालन प्रक्रिया तयार गर्नेछ र IDC र कार्यकारी मार्फत विधान सभाबाट स्वीकृत हुनेछ।
- संगठनात्मक विकासले RE लाई बढावा दिन ऊर्जा इकाई र EDSC मा ध्यान केन्द्रित गर्दछ।
- ऊर्जा सेवाले नागरिक वडापत्रमा सबै गाउँपालिकाका मानिसहरुलाई सचेतना जगाउने कुराको उल्लेख गर्नेछ।
- EDSC ले ऊर्जा सम्बन्धित गतिविधिहरु समाहित गर्न वार्षिक योजना प्रक्रियामा सक्रिय भूमिका र नेतृत्व प्रदर्शन गर्नेछ।
- यथार्थवादी र प्रयोगकर्ता मैत्री गतिविधिहरु तयार गर्न सहयोग पुर्याउने सहित वार्षिक योजना प्रक्रियाको विभिन्न चरणहरुमा सक्रिय सहभागिताको पुष्टि हुनेछ।यो परिप्रेक्ष्य सन्दर्श र समय अनुसार संशोधन हुनेछ।
- ऊर्जा सम्बन्धी गतिविधिहरुको पहिचान, उनीहरुको माग संकलन र प्राथमिकता र वर्गिकरण सहिष्णुता स्तरबाट वार्षिक योजना प्रक्रियाको शुरुदेखि ७ विभिन्न चरणमा गाउँपालिका ऊर्जा योजनाको दृष्टिकोष, लक्ष्य र उद्देश्यहरुको परिस्थापना हुन्छ।त्यसपछि EDSC ले ऊर्जा सम्बन्धी गतिविधिहरु IDC मार्फत कार्यकारीमा र अन्ततः विधान सभाबाट अनुमोदन गर्नेछ।
- यसले ऊर्जा प्रवर्द्धनका लागि सम्भावित सरोकारवालाहरुको पहिचान सहित ऊर्जा विकास रणनीति तयार गर्नेछ।
- यसले आन्तरिक र वाह्य रुपमा नविकरणीय ऊर्जा विकास र पदोन्नतीको लागि अध्यक्षको सहयोगमा श्रोतहरुको खोजी र परिचालन गर्नेछ।

- यसले केन्द्रिय, प्रदेश र छिमेकी स्थानीय सरकारहरुसंग ऊर्जा विकासको लागि उनीहरुको फलदायी सहयोगका लागि प्रभावकारी ढंगले आपसी समन्वय र सहकार्य गर्दछ।
- जरुरी क्षेत्र र Dis-Advantaged Group (DAG) समुदाय र ऊर्जा वित्तिय पदोन्नती बाहेक अनुदान संयन्त्र विस्तरै घट्नेछ।
- EDSC ले भवन निर्माण नक्सा स्वीकृत गर्ने बेला ऊर्जा मैत्री भवन कोड थप्न पैरवी गर्नेछ। र IDC मार्फत कार्यकारीहरुलाई सहमति जनाउँनेछ।
- यसले ऊर्जा विकास योजनाहरु, यसको कार्यान्वयन, अनुगमन र IDC मार्फत कार्यकारीहरुलाई पेश गर्ने रिपोर्ट तयार पार्ने निर्णय गर्नेछ।
- यो ऊर्जा योजना र यसको कार्यान्वयनको समयमै सम्भावित नकारात्मक प्रभाव (वातावरणीय, प्रकोप जोखिम र युद्ध द्वन्द्व) मा चेतन हुनेछ। सम्भावित नकारात्मक प्रभावहरुको विरुद्व काम गर्ने विकल्पहरु र व्यवस्थापनका उपायहरुको अनुसरण गर्नेछ।
- यसले प्रयोगकर्ताहरुको पक्षमा नवीन र रचनात्मक RE प्रविधि प्रवर्द्वन गर्न र उनीहरुको पहुँच बढाउन ध्यान दिनेछ।यो नयाँ RE प्रविधि प्रवर्द्धन खोजमा केन्द्रित हुनेछ जुनले प्रयोगकर्ताहरुलाई फाइदा पुर्याउनेछ।
- यसले निजी क्षेत्रको लागि वातावरण सक्षम पार्दै RE प्रविधि स्थापना गरेपछि सेवा सुनिश्चित गर्न स्थानीय रुपमा विक्री पछाडी सेवा संयन्त्र र यसको कार्यान्वयन विकासमा जोड दिनेछ।
- यसले क्षमता निर्माण योजना (प्रशिक्षण, अभिमुखिकरण, कार्यशाला र क्रम-लर्निङ भ्रमण आदि) र RE प्रविधिमा ज्ञान र सीप वृद्धि गर्न यसको प्रभावकारी कार्यान्वयनमा जोड दिन्छ।
- यसले अध्यक्ष, प्रमख प्रशासकीय अधिकृत र पूर्वाधार विकास समितिको संयोजकको समन्वयमा आवश्यकता अनुसार ऊर्जा विकास विज्ञहरुको प्रबन्ध मिलाउँदछ।
- ऊर्जा विकास र प्रवर्द्धन गर्न यसले विकास साझेदार (दाता, आईएनजीओ, अन्तराष्ट्रिय/गैरसरकारी संस्था र निजी क्षेत्र) सँगको सहकार्य र साझेदारीमा ऊर्जा प्रवर्द्धन कार्यक्रमलाई प्राथमिकता दिनेछ।

आज्ञाले

पूर्ण बहादुर चितौरे

प्रमुख प्रशासकीय अधिकृत